# एम्बुलेन्स सेवा ब्यबस्थापन तथा सञ्चालन निर्देशिका, २०७९

चंखेली गाउँ पालिका हुम्ला ।

# एम्बुलेन्स सेवा व्यबस्थापन तथा सञ्चालन निर्देशिका, २०७९

प्रस्तावनाः

चंखेली गाउँपालिकाले आ.ब. २०७८/७९ मा स्वास्थ्य क्षेत्रमा लिएको नीति लाई पूर्ण रुपमा कार्यान्वयन गर्न भौगोलिक विकटता, सुविधा सम्पन्न स्वास्थ्य क्षेत्रको अभाव, कमजोर आर्थिक अबस्थाको कारण खासगरी गर्भवती, सुत्केरी, अपाङ्ग, एकल महिला, बृद्ध बृद्धा वा कुनै पनि नागरिकको अकालमै ज्यान गुमाउने अबस्था आउन नदिन नागरिकलाई एम्बुलेन्स मार्फत सुविधा सम्पनन अस्पतालमा लगी उपचार गराई निजको स्वास्थ्य अबस्थामा सुधार ल्याउने अबस्था सिर्जना गर्नको लागी एम्बुल्नसको ब्यबस्था गरि उक्त एम्बुलेन्सको सेवा सञ्चालन लाई पारदर्शी, सरल, भरपर्दो र ब्यबस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहँच बढाई सेवाको गुणस्तर बृद्धी गर्न वाञ्छनिय भएकोले,

चंखेली गाउँपालिकाको प्रसाशकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ बमोजिम चंखेली गाउँपालिकाले देहायकव निर्देशिका जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः
   (क) यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८” रहेको छ ।
   (ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति बाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-
   (क) “अध्यक्ष” भन्नाले चंखेली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।
   (ख) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भन्नाले चंखेली गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।
   (ग) एम्बुलेन्स भन्नाले बिरामी ओसार्ने स्वीकृती प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो सब्दले एम्बुलेन्समा जडित उपकरण चालक र परिचारिका समेतलाई जनाउँछ ।
   (घ) एम्बुलेन्स जनशक्ती भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्य कर्मी र चालक सम्झनु पर्छ।
   (ङ) चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।
   (च) अनुगमन समित भन्नाले दफा ३ बमोजिम समितिलाई सम्झनु पर्छ ।
   (छ) सेवा भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सेवा सम्झनु पर्छ ।
   (ज) गाउँपालिका भन्नाले चंखेली गाउँपालिका सम्झनु पर्छ ।

३. एम्बुलेन्स सेवा अनुगमन समितिः (१) गाउँपालिका अन्तरगतका अस्पताल, स्वास्थ्य चौकी तथा निजी संस्था मार्फत संचालन गरिएको एम्बुलेन्स सेवाको गुणस्तर सुनिश्चितता गर्नका लागी गाउँपालिका स्तरिय देहायका पदाधीकारी रहने गरि एक एम्बुलेन्स सेवा अनुगमन समिति रहनेछ ।
   (क) गाउँपालिकाको अध्यक्ष      अध्यक्ष
   (ख) प्रमुख प्रशासकीय अधिकृत      सदस्य
   (ग) सामाजिक विकास समितिको संयोजक      सदस्य
   (घ) कार्यपालिकाले तोकेको कार्यपालिकाको एक जना महिला सदस्य      सदस्य
   (ङ) स्वास्थ्य संयवजक      सदस्य सचिव

   (२) दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा अनुगमन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन ।

   (क) एम्वुलेन्स सेवा प्रभावकारि तवरले सञ्चालन गर्नका लागी आबश्यक नीति, मापदणडको निर्माण गर्न सहयोग गर्ने ।
   (ख) दफा ४ बमोजिम गठन हुने एमरबुलेन्स सेवा ब्यबस्थापन तथा सञ्चालन समितिलाई आबश्यक निर्देशन दिने र सोही बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

(ग) एम्बुलेन्स सेवा व्यबस्थापन तथा सञ्चालन समितिले प्रभावकारी एम्बुलेन्स सेवा प्रदान नगरेमा सो समितिका पददाधिकारी हेरफेर वा खारेज गरी पुनः गठन गर्ने ।

(घ) एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ती ब्यवस्थापनमा सहजिकरण गर्ने ।

(ङ) पालिका क्षेत्रभित्र निजी संघसस्थाले सञ्चालन गरेका एम्बुलेन्स सेवाको समेत अनुगमन गर्ने ।

(च) एम्बुलेन्स सेवाशुल्क बापतको रकमको हिसावकितााब सम्बन्धी अनुगमन गर्ने ।

(छ) एम्बुलेन्स सेवाको भाडा निर्धारण गर्न सहजिकरण गर्ने ।

४. एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिः (१) एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यबस्थित बनाई सञ्चालन गर्नका लागी गाउँपालिकामा देहाय बमोजिमको ७ सदस्यीय एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) सामाजिक बिकास समितिको संयोजक सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाको एक जना महिला सदस्य सदस्य

(च) स्थानिय प्रहरी चौकी प्रमुख सदस्य

(छ) गाँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

(२)समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आबश्यक्ता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यबिधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५)दफा ४ बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यषवस्थित रुपमा सञ्चालन गर्ने गराउने ।

(ख) दुरीका आधारमा एम्बुलेन्स सेवा शुल्क निर्धारण गर्ने र एकपटक निर्धारण गरेको भाडा दर २ बर्ष नपुगी पुनराबलोकन गर्न नपाईने ।

(ग) गाउँपालिकासंग प्रत्यक्ष रुपमा समन्वय र सहकार्य गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने गराउने ।

(घ) एम्बुलेन्स सेवाशुल्क वापत संकलित रकम समयमै बैङ्क दाखिला गर्ने गराउने ।

(ङ) सेवाशुल्क बापतको हिसाब किताब चुस्त दुरुस्त राख्न लगाउने ।

(६) एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालक समितिको सदस्य सचिवलाई सेवा प्रवाहको स्थितिको मासिक विवरण तयार गर्नुपर्नेछ । यसरी तयार गरेको मासिक बिबरण एकिकृत गरि चौमासिक वा बार्षिक रुपमा गााउँपाललिकामा पेश गर्नुपर्नेछ ।

५. चालकको नियुक्ती र सेवा सुबिधा : (१) एम्बुलेन्स सेवा गुणस्तर एवं प्रभावकारी ढंगले सञ्चालन गर्नको लागी आबश्यक पर्ने चालकको व्यवस्थापन एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालक समितिले गर्नेछ ।

तर दफा ४ बमोजिम समिति गठन हुनु पूर्व एम्बुलेन्स सेवा सञ्चालनका लागी आबश्यक पर्ने चालकको नियुक्ती गाउँपालिकाले गर्न सक्नेछ र निजहरुको तलब भत्ता तोकिएबमोजिम हुनेछ ।

(२) एम्बुलेन्स चालक पदमा नियुक्ती भएका चालकले अनुसुची १ बमोजिमको आचारसंहिता पालना नगरेमा एकपटकका लागी स्पस्टिकरण सोधिने छ तर आचारणमा सुधार नगरी बारम्बार आचारसंहिता उल्लघंन गरेमा निजसंगको सेवा करार अनुगमन समितिको निर्देशनमा एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(३) एम्बुलेन्स चालकको बिदा सम्बन्धित एम्बुलेन्स व्यवस्थापन तथा सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

६. सेवाशुल्क सम्बन्धी ब्यवस्था : (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत संबन्धित सेवाग्राहीले कार्यपालिकाले निर्धारण गरेबमोजिमको रकम सेवाशुल्कको रुपमा बुझाउनु पर्नेछ । तर एक पटक निर्धारण गरेको सेवा शुल्क २ बर्ष सम्म पुनरावलोकन गर्न पाईने छैन ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम जम्मा गर्नको लागी गाउँपालिकाले एक अलग्गै कोष खाता संचालन गर्नेछ । यसरी खाता सञ्चालन गर्दा एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने गरी खाता सञ्चालन गर्नुपर्नेछ ।

स्पस्टीकरण : दफा ६ को उपदफा २ प्रयोजनका लागी अलग्गै कोष खाता भन्नाले गाउँपालिकाको ग्लोबल आई.एम.ई बैङ्कमा रहेको बिबिध कोष खाता नं. लाई बुझाउनेछ ।

(३) सेवाशुल्क बापत लिने रकमको असुलीका लागी गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख नियन्त्रण खाता गाउँपालिकामा राखिनेछ ।

(४) सेवा दिए बापत लिईने सेवा शुल्क नगदी रसिद काटी बैङ्क खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आबश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ । तर उक्त कोषमा रकम अभाव भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

७. सेवाको कार्यक्षेत्र : (१) गाउँपालिकाले सर्वप्रथम गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगना भएका वा बसोबास गर्ने जनताहरुका लागी एम्बुलेन्स सेवा प्रथामिकताका साथ प्रदान गर्नेछ ।

तर अति आबश्यक परेको अबस्थामा छिमेकी स्थानिय तहका बिरामीहरुका लागी समेत तोकिएको सेवा शुल्क लिई एम्बुलेन्स सेवा उपलब्ध गराउन सकिनेछ ।

(२) गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रम मा तोकेको प्रकृतीको बिरामीका लागी गाउँपालिकाका वडाको एक स्थानबाट सम्बन्धित वडा वा अर्को वडामा रहेको स्वास्थ्य संस्था वा गाउँपालिकाको अस्पतालसम्म ल्याउन लैजान निशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउनेछ ।

(३) गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममा उपदफा २ बमोजिम नतोकेमा बिरामीलाई सेवा दिएबापत तोकिएको सेवाशुल्क लिईनेछ ।

८. एम्बुलेन्स चालक सम्बन्धी ब्यबस्था : (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँपालिकाले एक जना चालक र एक जना सह चालक सेवा करारमा नियुक्ती गर्नेछ । यसरी गरिएको नियुक्ती एकपटकमा बढीमा ६ महिनाको लागी करार सम्झौता गरि नियुक्ती गरिनेछ र प्रत्येक ६ ६ महिनामा पुनः करार म्याद थप गर्न सकिनेछ ।

तर यो कार्यबिधि सञ्चालन हुनु पूर्व नियुक्ती भएका चालक र सह चालकको हरुलाई पनि यही कार्यबिधि बमोजिम नियुक्ती भएको मानिनेछ ।

(२) चालकको तलबभत्ता नेपाल सरकारले सम्बन्धित पदको लागी निर्धारण गरेबमोजिम हुनेछ । अन्य सेवा सुबिधाको सम्बन्धमा सेवाशुल्क बापत उठेको रकम प्रयाप्त भएमा र आबश्यक्ताको आधारमा दफ ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियमबापतकव रकम यसै निर्देशिकाबमोजिम कोषबाट बेहोरिनेछ ।

(४) चालकले अनुसुची १ बमोजिमको आचासंहिताको २ प्रतिमा हस्ताक्षर गरी एक प्रति कार्यलयलाई बुझाउनुपर्नेछ र ए प्रति आफुसंग सुरक्षितराखुपर्नेछ ।

(५) गाउँपालिकाले प्रत्येक बर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परिक्षण गाराउनेछ ।

(६) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसुची २ बमोजिमको ढाँचामा राखु पर्नेछ ।

(७) यस दफा बमोजिम नियुक्त चालकको करार नविकरण निजको कार्यसम्पादनको मुल्याङ्कन गरी प्रत्येक आर्थिक बर्षको सुरुवातमा गरिनेछ । स्वास्थ्य परिक्षण गर्दा समस्या हुने, आचारसंहिता पालना नगर्ने, र कमजोर कार्य सम्पादन गर्ने चालकको करार नविकरण हुने छैन ।

(८) यस दफा बमोजिम नियुक्त चालकको तलब भत्ता लगायत अन्य सुबिधा यसै निर्देशिकाको दफा ६ को उपदफा २ बमोजिमको कोषबाट ब्यहोरिनेछ । तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

९. बिविध : (१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुबिधा तथा औषधीको बिबरण अनुसुची २ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयमंको हुनेछ ।

(३) यस निर्देशिकामा आबश्यकता अनुसार संसोधन र हेरफेर दफा ३ बमोजिम समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

अनुसूची – १

(दफा ५ को उपदफा २ संग सम्बन्धित)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. एम्बुलेन्स सेवा ब्यबस्थापन तथा सञ्चालन निर्देशिका, २०७८ लाई पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्नै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै कार्य गर्न पाईने छैन ।
३. धुम्रपान तथा मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाईने छैन ।
४. बिरामी, कुरुवा तथा बिरामी संग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा ब्यक्ती (यात्रु) हरुलाई ओसारपसार गर्न नहुने ।
५. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवार लाई सधै सम्मानपूर्वक व्यबहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नुपर्नेछ ।
६. कुनै बिरामी लाई ओसारपसार गर्नु अघि निजको बारेमा प्रायापत जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ । बिरामी लाई बिच बाटोमा नछाडी गन्तब्यमा पुर्याउनुपर्नेछ ।
७. आफुले लिएको निर्णयहरुमा आफ्नै ब्यक्तीगत रुपमा जिम्मेवार जफाबदेही हुनुर्ने ।
८. सेवा दिएबापत संकलन गरिएको रकम तोकिएको बैङ्क खातामा समयमै दाखिला गर्नुपर्नेछ । र सेवा शुल्क बापत संकलन गरिएको रकम को मासिक बिबरण समितिललाई बुझाउनु पर्नेछ ।
९. एम्बुलेन्स सेवा उपलब्ध गराउँदा कहाँ, कुन ठाउँ गएको वा आएको सो को सम्पुर्ण बिबरण लगबुकमा उल्लेख गर्नुपर्नेछ । लगबुक नियमित रुपमा तोकिएको पदाधिकारीबाट प्रमाणित तथा स्वीकृत गराउनु पर्नेछ ।
१०. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा रहेका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्नेछ ।
११. नेपालसरकाले प्रतिबन्ध लगाएका बस्तुहरु ओसारपसार गर्न पाईनेछैन ।
१२. समय समयमा समितिले दिएको निर्देशनको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।
१३. माथि उल्लेख हुन छुट भएका बिषयका सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

म...........................................(नाम)................ ठेगना ...................... ना.प्र.नं. ............................. जिल्ला, सवारी चालक अनुमती पत्र नं. ............................. माथि उल्लेखित आचारसंहिता अध्यनन् गरेको छु । चंखेली गाउँपाललिका द्वारा सञ्चालित, एम्बुलेन्स सेवा ब्यबस्थापन तथा सञ्चालन समित, ........................................................................ (स्वास्थ्यको नाम) को मातहतमा र प्रत्यक्ष निगरानीमा रही एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालन गर्न सहमती जनाई हस्ताक्षर गरेको छु ।

चालकको रोहबरमा प्रमाणित गर्ने पदाधिकारीको

दखस्तखत : दस्तखतः

नाम, थर : नाम, थरः

मितिः मितिः

अनुसुची — २

निर्देशिकाको दफा ८ को उपदफा ६ संग सम्बन्धित

## एम्बुलेन्स संचालनको लगबुकमा

सवारी नं.                सवारी चालकको नाम :-

| क्र.स. | मिति | ठाउँ | | दुरी (कि.मि) | | जम्मा दुरी | सेवा शुल्क रु. | ईन्धन | बिरामी को नाम | कुरुवा को नाम | ठेगना | बिरामीको प्रकृती | कुरुवाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसुची -३

दफा ८ को उपदफा २ संग सम्बन्धित

"ग" बर्गको (**Common Life Support (CLS)**) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको बिबरण

१. First Aid का सामानहरु,
२. Oxygen Cylinder, Flow Meter/Mask जडित जरुरी परेमा राख्न सकिने अन्य सामानहरु ,
३. IV Injection दिन सक्ने ब्यबस्था,
४. Stretcher Cum Board,
५. Stethoscope, B.P. Apparatus, Torchlight,
६. Driver with basic training in first aid and emergent medicine.